*गाउँ कार्यपालिकाबाट स्वीकृतः २०८३-०५-२६*

# मिक्लाजुङ गाउँपालिका

# मोरङ

# विद्यालय स्तर निर्धारण मापदण्ड- २०८३

## मिक्लाजुङ गाउँपालिका
## शिक्षा, युवा तथा खेलकुद शाखा
## मिक्लाजुङ, मोरङ

## १.१ पृष्ठभूमि

शिक्षा नियमावली, २०५९ को नियम १४५ ले विद्यालयको भौतिक सुविधा, शिक्षक व्यवस्थापन, शैक्षिक उपलब्धि, सुशासन र व्यवस्थापन जस्ता आधारमा विद्यालयलाई स्तरीकरण गर्ने व्यवस्था गरेको छ। यसै व्यवस्था तथा प्रदेश र स्थानीय तहहरूले हालसम्म विकास गरेका अभ्यासहरूलाई आधार मानी मिक्लाजुङ गाउँपालिका क्षेत्रभित्र सञ्चालित ३५ सामुदायिक र १२ संस्थागत गरी जम्मा ४७ विद्यालयलाई एकीकृत रूपमा स्तरीकरण गर्ने प्रयोजनका लागि यो मापदण्ड तयार गरिएको हो। यसमा भौतिक तथा शैक्षिक पूर्वाधार, शिक्षक व्यवस्थापन, शिक्षण सिकाइ प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, सुशासन, सह.क्रियाकलाप, सिकाइ उपलब्धि, शिक्षकको पेशागत सन्तुष्टि र अनुसन्धान.विकास लगायतका पक्षसाथै प्रविधिमैत्री शिक्षण सिकाइ वातावरणलाई विशेष प्राथमिकता दिई छुट्टै क्षेत्रकै रूपमा समावेश गरिएको छ।

यस मापदण्डमा सामुदायिक र संस्थागत विद्यालयका लागि छुट्टाछुट्टै मूल्याङ्कन फारम (अनुसूची–१ र अनुसूची–२) र (ख) सञ्चालित कक्षाको आधारमा साना, मध्यम र ठूला विद्यालयलाई छुट्टाछुट्टै समूहमा राखी सोही समूहभित्र मात्र तुलना गर्ने खण्डिकृत (समूहगत) वर्गीकरण विधि का आधारमा स्तरीकरण गर्ने व्यवस्था गरिएको छ जसबाट साना तर गुणस्तरीय विद्यालयहरू ठूला विद्यालयसँगको तुलनामा अन्यायमा नपरून्। यसै गरी संस्थागत विद्यालयहरूले प्रदान गर्ने सेवा सुविधाका आधारमा विद्यालयले लिने शुल्क निर्धारण गर्नु यो कार्यविधिको एउटा मुख्य प्रयोजना हो भने सामुदायिक विद्यालयलाई उपलब्ध गराइने सेवा सुविधा र थप सुधारकालागि प्रोत्साहन अनुदान प्रदान गर्ने कार्यमा विद्यालय छनौटलाई तथ्यपरक बनाउनु अर्को महत्वपूर्ण प्रयोजन हो।

## १.२ कानुनी आधार

- शिक्षा ऐन, नियमावली, २०५९ (नियम १४५ र अनुसूची–२१ बमोजिमको विद्यालय वर्गीकरणका आधार)।
- शिक्षा नियमावली, २०५९ को नियम १४६ (विद्यालयले लिन पाउने शुल्कका शीर्षक) र नियम १४७ तथा सोसँग सम्बन्धित अनुसूची–२२ (संस्थागत विद्यालयको शुल्क निर्धारणका आधार)-संस्थागत विद्यालयका थप सूचक (खण्ड–७, खण्ड (ट)) तयार गर्दा यिनै व्यवस्थालाई आधार मानिएको छ।
- संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२-शुल्कको अधिकतम सीमा तथा शिक्षक/कर्मचारी तलब.सुविधामा खर्च हुनुपर्ने न्यूनतम अनुपात सम्बन्धी व्यवस्था।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार।
- प्रदेश तथा स्थानीय तहहरूले विकास गरेका विद्यालय स्तरीकरण/स्तर निर्धारण सम्बन्धी अभ्यास (सन्दर्भ सामग्रीका रूपमा प्रयोग)।

## १.३ उद्देश्य

- गाउँपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयहरूको एकीकृत, वस्तुनिष्ठ र प्रविधिमैत्री सूचकमा आधारित स्तर निर्धारण गर्ने।
- विद्यालयको आकार (सञ्चालित कक्षा) फरक.फरक भए तापनि समूहगत तुलनाबाट सबै आकारका विद्यालयलाई निष्पक्ष रूपमा मूल्याङ्कन गर्ने।
- संस्थागत विद्यालयको हकमा वित्तीय पारदर्शिता र शिक्षक सेवा.सुविधासमेतलाई मूल्याङ्कनमा समेट्ने।
- विद्यालयको कमजोर र सबल पक्ष पहिचान गरी सुधारका लागि योजना बनाउन आधार तयार गर्ने।
- गुणस्तर सुधारमा राम्रो प्रगति गर्ने विद्यालयलाई प्रोत्साहन र कमजोर विद्यालयलाई थप सहयोग गर्ने आधार तयार गर्ने।
- विद्यालयको स्वःमूल्याङ्कन र स्थलगत सत्यापनबाट प्राप्त नतिजाको आधारमा वार्षिक तथा बहुवर्षीय योजना निर्माणमा सहयोग पुर्‍याउने।

## १.४ प्रयोग क्षेत्र

यो मापदण्ड मिक्लाजुङ गाउँपालिकाभित्र सञ्चालित सबै ३५ सामुदायिक र १२ संस्थागत विद्यालय (जम्मा ४७ विद्यालय) मा लागू हुनेछ। सामुदायिक विद्यालयले अनुसूची–१ (खण्ड–४ र खण्ड–५) बमोजिमको फारम र संस्थागत विद्यालयले अनुसूची–२ (खण्ड–७ र खण्ड–८) बमोजिमको फारम प्रयोग गर्नेछन्। संस्थागत विद्यालयका हकमा खण्ड (च) को सूचक १० र खण्ड (ट) का सूचक ६७–६८

ले शुल्क संरचना, आय.व्यय पारदर्शिता र शिक्षक तलब.सुविधाको पारदर्शिता समेत समेट्नेछन्; सोबाहेक सबै सूचक सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयलाई समान रूपमा लागू हुनेछन् । सामुदायिक विद्यालयका हकमा खण्ड–२.४ बमोजिमको समूहगत वर्गीकरण विधि अनिवार्य रूपमा लागू हुनेछ ।

## खण्ड–२. अङ्कन प्रणाली र स्तर निर्धारणको विधि

### २.१ अङ्कको परिभाषा (० देखि ४ स्केल)

| अङ्क | तह | परिभाषा |
|---|---|---|
| ० | **अनुपलब्ध / नगण्य** | सम्बन्धित सुविधा वा अभ्यास पूर्ण रूपमा अनुपस्थित छ वा नाम मात्रको छ । |
| १ | **न्यून** | सुविधा वा अभ्यास आंशिक रूपमा मात्र छ, स्तरोन्नति अत्यावश्यक छ । |
| २ | **मध्यम** | सुविधा वा अभ्यास मापदण्डको आधा हाराहारीमा पुगेको छ, नियमितता र गुणस्तरमा सुधार आवश्यक छ । |
| ३ | **राम्रो** | सुविधा वा अभ्यास मापदण्ड नजिक वा पुगेको छ, नियमित रूपमा प्रयोगमा छ । |
| ४ | **उत्कृष्ट** | सुविधा वा अभ्यास मापदण्ड भन्दा माथि, नवप्रवर्तनसहित र दिगो रूपमा कार्यान्वयनमा छ। |

### २.२ स्वःमूल्याङ्कन र स्थलगत सत्यापन/अनुगमन

- प्रत्येक विद्यालयले शिक्षा नियमावली तथा यस मापदण्ड बमोजिम ३ सदस्यीय स्वःमूल्याङ्कन समिति (प्रधानाध्यापक, १ जना शिक्षक र वि.व्य.स.बाट तोकिएको १ जना सदस्य) गठन गरी प्रत्येक शैक्षिक सत्रको अन्त्यमा स्वःमूल्याङ्कन गरी "स्वःमूल्याङ्कन अङ्क" स्तम्भमा अङ्क भर्ने र "यथार्थ विवरण" स्तम्भमा आफूले भेटेको वास्तविक अवस्था (जस्तै संख्या, नाप, प्रतिशत) संक्षेपमा लेख्नु पर्नेछ । विद्यालय हरूले स्वःमुल्याङ्कनमा दिएको अङ्कको आधार पुष्टि गर्ने कागज प्रमाण फायलिङ गरी सुरक्षित राख्नु पर्नेछ ।
- गाउँपालिका/गाउँ शिक्षा समितिले तोकेको स्तरीकरणकर्ता वा अनुगमन तथा स्तर निर्धारण समितिले विद्यालयको अभिलेख अध्ययन, स्थलगत अवलोकन र सरोकारवालासँगको अन्तर्वार्ताका आधारमा "अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क" स्तम्भमा अन्तिम अङ्क प्रदान गर्नु पर्नेछ ।
- विद्यालयको अन्तिम वर्गीकरणका लागि अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्कलाई मान्य अङ्कका रूपमा लिइनेछ; स्वःमूल्याङ्कन र सत्यापन अङ्कबीच ठूलो फरक देखिएमा सोको कारण "स्तर निर्धारणका आधार" स्तम्भमा उल्लिखित विवरणसँग दाँजी टिप्पणी खुलाउनुपर्नेछ ।
- कुनै सूचकको यथार्थ अवस्था पुष्टि गर्ने अभिलेख, प्रमाण वा भौतिक अवस्था नभएमा सम्बन्धित सूचकमा शून्य (०) अङ्क कायम हुनेछ ।

### २.३ समग्र श्रेणी विभाजन (सामान्य आधार)

प्राप्ताङ्क प्रतिशतका आधारमा विद्यालयलाई निम्नानुसार श्रेणीकरण गरिनेछ (कुल पूर्णाङ्क = लागू हुने सूचक संख्या × ४):

| प्राप्त प्रतिशत | श्रेणी | वर्गीकरण |
|---|---|---|
| ८० प्रतिशत वा सोभन्दा माथि | **"क" श्रेणी** | अति उत्तम |
| ६० देखि ७९.९ प्रतिशतसम्म | **"ख" श्रेणी** | उत्तम |
| ४० देखि ५९.९ प्रतिशतसम्म | **"ग" श्रेणी** | सामान्य |
| ४० प्रतिशतभन्दा कम | **"घ" श्रेणी** | कमजोर |

*नोट: प्राप्त प्रतिशत = (कूल प्राप्ताङ्क ÷ लागू हुने कूल पूर्णाङ्क) × १००। सिकाइ उपलब्धि (खण्ड–ज) सम्बन्धी सूचकहरू सम्बन्धित विद्यालयमा सञ्चालित कक्षा भएसम्म मात्र लागू हुनेछन्; नभएका कक्षाका सूचकलाई पूर्णाङ्क गणनाबाट हटाई सोही अनुपातमा कुल पूर्णाङ्क समायोजन गर्नुपर्नेछ।*

### २.४ खण्डिकृत (समूहगत) वर्गीकरण विधि-सामुदायिक विद्यालयका लागि

गाउँपालिकाभित्रका ३५ सामुदायिक विद्यालयमध्ये १६ वटा साना (कक्षा ५ सम्म), ११ वटा मध्यम (कक्षा ८ सम्म) र ७ वटा ठूला (कक्षा १०/१२ सम्म) रहेका छन्। सबै विद्यालयलाई एकैपटक एकमुष्ठ रूपमा तुलना गर्दा उच्च कक्षासम्म सञ्चालित ठूला विद्यालयले भौतिक पूर्वाधार (प्रयोगशाला, पुस्तकालय आदि) र सिकाइ उपलब्धि (SEE/कक्षा १० नतिजा) जस्ता थप सूचकमा स्वाभाविक रूपमा बढी अङ्क पाउने भएकाले, साना तर सुव्यवस्थित विद्यालयहरू उच्च वर्गमा पर्नबाट वञ्चित हुन सक्ने भएको हुँदा, यस समस्या समाधानका लागि निम्न खण्डिकृत विधि अपनाइनेछ:

| समूह | सञ्चालित कक्षा | लागू नहुने सूचक (सि.नं.) | समायोजित कुल पूर्णाङ्क |
|---|---|---|---|
| **समूह १ (साना)** | बालविकास/कक्षा १ देखि ५ सम्म | ७ (विज्ञान/गणित प्रयोगशाला) ५८ (कक्षा ८ GPA), ५९ (SEE/कक्षा १० GPA) | २५२ (२६४ – १२) |
| **समूह २ (मध्यम)** | कक्षा १ देखि ८ सम्म | ७ (विज्ञान/गणित प्रयोगशाला) ५९ (SEE/कक्षा १० GPA) | २५६ (२६४ – ८) |
| **समूह ३ (ठूला)** | कक्षा १ देखि १० सम्म | कुनै छैन (सबै सूचक लागू) | २६४ |

- **समूह विभाजन**: माथिको तालिका बमोजिम प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयलाई सञ्चालित उच्चतम कक्षाका आधारमा समूह १, २ वा ३ मा वर्गीकरण गरिनेछ *(हेर्नुहोस् खण्ड–३ को विद्यालय विवरण फारम)*।
- **समायोजित पूर्णाङ्क**: कुनै विद्यालयमा नभएका कक्षासँग सम्बन्धित सिकाइ.उपलब्धि सूचक (सि.नं.७, ५८ र ५९) पूर्णाङ्क गणनाबाट हटाई सोही समूहको समायोजित कुल पूर्णाङ्कको आधारमा मात्र प्रतिशत निकालिनेछ। खण्ड (ख) देखि (ञ) सम्मका बाँकी सबै सूचक (प्रविधि, शिक्षक व्यवस्थापन, सुशासन आदि) सबै समूहका विद्यालयलाई समान रूपमा लागू हुनेछन्, किनभने यी क्षमता र गुणस्तरसँग सम्बन्धित सूचक हुन्, विद्यालयको आकारसँग होइन।
- **समूहगत तुलना:** श्रेणी ("क","ख","ग","घ") कायम गर्दा प्रत्येक विद्यालयको प्राप्त प्रतिशतको तुलना सोही समूहभित्रका अन्य विद्यालयसँग मात्र गरिनेछ, गाउँपालिकाभरिका सबै विद्यालयसँग होइन। यसरी समूह १ (साना) भित्रको उत्कृष्ट विद्यालयले पनि "क" श्रेणी प्राप्त गर्न सक्नेछ, भले नै समूह ३ (ठूला) का विद्यालयसँग प्रत्यक्ष तुलना गर्दा त्यसको भौतिक पूर्वाधार सानो देखिए तापनि।
- **समग्र सूचीकरण (ऐच्छिक):** गाउँपालिकाको समग्र योजना तथा बजेट प्राथमिकीकरणका लागि आवश्यक परेमा तीनवटै समूहका विद्यालयको प्रतिशतलाई एकै "समग्र प्रगति सूची" मा देखाउन सकिन्छ; तर आधिकारिक श्रेणी ("क"/"ख"/"ग"/"घ") सधैं समूहगत आधारमा मात्र कायम हुनेछ।

# विद्यालय स्तर निर्धारण मापदण्ड- २०८३

## खण्ड–३. विद्यालयको विवरण

| | | | |
|---|---|---|---|
| विद्यालयको नाम | | प्रकार | |
| वडा नं. | | टोल/स्थान | |
| IEMIS कोड नं. | | सञ्चालित कक्षा तथा तह | |
| विद्यालय समूह (२.४ अनुसार) | आधारभूत कक्षा १-५ ☐<br>आधारभूत कक्षा १-८ ☐<br>माध्यमिक कक्षा १-१० ☐ | पूर्व स्तरीकरण भएको मिति | |
| प्रधानाध्यापकको नाम, सम्पर्क नं. | | कुल विद्यार्थी संख्या (छात्रा) | |
| कुल शिक्षक संख्या (महिला) | | स्व:मूल्याङ्कन मिति | |
| स्थलगत सत्यापन मिति | | अनुगमन समिति संयोजकको नाम | |

*विद्यालयको अभिलेख र तथ्याङ्क अध्ययन, स्थलगत अवलोकन र सरोकारवालासँगको अन्तर्वार्ताबाट यथार्थ अवस्था पत्ता लगाई "यथार्थ विवरण" स्तम्भमा तथ्यगत विवरण उल्लेख गर्नुहोस् र अन्तिम स्तम्भमा दिइएको "स्तर निर्धारणका आधार" हेरी ० (अनुपलब्ध/नगण्य), १ (न्यून), २ (मध्यम), ३ (राम्रो) र ४ (उत्कृष्ट) मध्ये उपयुक्त अङ्क "स्वःमूल्याङ्कन" र "अनुगमन समितिको मूल्याङ्कन/सत्यापन" स्तम्भमा भर्नुहोस् ।*

## खण्ड (क) भौतिक तथा शैक्षिक पूर्वाधार

*सूचक संख्या: १२   पूर्णाङ्क: ४८*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्वःमूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 1 | **कक्षाकोठा र विद्यार्थी अनुपात (क्षेत्रफल)** | | | ०-निर्धारित मापदण्ड (प्रति विद्यार्थी आधारभूत तहमा ०.७५ र माध्यमिक तहमा १.०० वर्ग मिटर) भन्दा निकै कम र कक्षाकोठा अपर्याप्त ।<br>१-मापदण्डको ५०% सम्म मात्र पुगेको ।<br>२-मापदण्डको ५०–७५% सम्म पुगेको ।<br>३-मापदण्ड अनुसार पूर्ण क्षेत्रफल पुगेको ।<br>४-मापदण्ड भन्दा बढी फराकिलो, हावा.प्रकाशयुक्त र अपाङ्गमैत्री कक्षाकोठा भएको। |
| 2 | **भवनको भौतिक अवस्था (पक्की/कच्ची)** | | | ०-सम्पूर्ण भवन कच्ची, जीर्ण वा जोखिमयुक्त ।<br>१-आंशिक पक्की भई धेरै मर्मत आवश्यक<br>२-अधिकांश भाग पक्की तर केही मर्मत आवश्यक ।<br>३-पूर्ण पक्की, भूकम्प प्रतिरोधी मापदण्ड पूरा गरेको ।<br>४-पूर्ण पक्की, भूकम्प प्रतिरोधी, नियमित मर्मत–सम्भार भइरहेको र वातावरणमैत्री संरचना भएको । |
| 3 | **डेस्क–बेन्च तथा फर्निचर पर्याप्तता** | | | ०-फर्निचर अत्यन्त अपर्याप्त, अधिकांश विद्यार्थी भुइँमा बस्नुपर्ने ।<br>१-सीमित विद्यार्थीलाई मात्र उपयुक्त फर्निचर पुग्ने ।<br>२-५०–८०% विद्यार्थीलाई पर्याप्त फर्निचर पुग्ने।<br>३-सबै विद्यार्थीलाई साइज अनुसारको उपयुक्त फर्निचर पुग्ने ।<br>४-सबैलाई पुग्ने साथै व्यक्तिगत सामान राख्ने ह्याक/रयाक सहितको गुणस्तरीय फर्निचर भएको । |
| 4 | **शौचालय व्यवस्था** | | | ०-शौचालय नभएको वा साझा (छात्र–छात्रा नछुट्याइएको) मात्र ।<br>१-छात्र–छात्रा छुट्टाछुट्टै तर अपर्याप्त वा अस्वच्छ ।<br>२-छात्र, छात्रा र शिक्षकका लागि छुट्टाछुट्टै र सफा शौचालय । |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | **३**-माथिको आधार पूरा साथै अपाङ्गमैत्री र समुह ३ का विद्यालयका लागि स्यानिटरी प्याड व्यवस्थापन सहितको ।<br>४-मापदण्ड (प्रति ५० विद्यार्थी १ कम्पार्टमेन्ट) पूरा गरी नियमित सरसफाइ अनुगमन प्रणाली सहितको । |
| 5 | **खानेपानीको उपलब्धता** | | | **०**-खानेपानीको कुनै व्यवस्था नभएको।<br>**१**-पानी उपलब्ध तर अशुद्ध वा अपर्याप्त।<br>२-विद्यार्थी संख्याको अनुपातमा पर्याप्त धारा/पानीको व्यवस्था तर फिल्टर नभएको।<br>**३**-फिल्टर/यूभी गार्ड सहितको शुद्ध खानेपानी उपलब्ध।<br>४-शुद्ध खानेपानीसाथ वाश–स्टेसन र साबुनको व्यवस्था तथा नियमित गुणस्तर परीक्षण हुने । |
| 6 | **पुस्तकालय व्यवस्थापन** | | | **०**-पुस्तकालय नभएको ।<br>**१**-सीमित पुस्तक भएको तर छुट्टै कोठा नभएको ।समूह १ का विद्यालयमा सबै कक्षामा बुककर्नर भएको तर पर्याप्त पुस्तक नभएको ।<br>२ -**समूह ३ का लागि** छुट्टै कोठामा पुस्तकालय भएको तर पर्याप्त पुस्तक नभएको समुह १ र २ का लागि बुककर्नरमा केही पुस्तक भएको ।<br>**३**-पर्याप्त पुस्तक भई पुस्तकालय अवधि तोकिई नियमित प्रयोग हुने । समुह १ र २ का लागि कक्षाकोठामा बुककर्नर/सन्दर्भ सामग्री पर्याप्त भएको ।<br>४-समूह १ का लागि भौतिक पुस्तकालयसाथ ई–पुस्तकालय/डिजिटल संग्रह समेत भई व्यवस्थित रूपमा प्रयोग हुने गरेको अभिले र समूह १ र २ का लागि सन्दर्भ सामग्री विद्यार्थीले प्रयोग गरेको अभिलेख सहित व्यवस्थित गरिएको । |
| 7 | **विज्ञान/गणित प्रयोगशाला (समूह ३ का लागि मात्र)** | | | **०**-प्रयोगशाला नभएको।<br>**१**-न्यून सामग्री सहितको प्रयोगशाला कोठा मात्र भएको।<br>२-पर्याप्त सामग्री भए पनि नियमित प्रयोग नभएको।<br>**३**-पर्याप्त सामग्री भई नियमित प्रयोगात्मक कक्षा सञ्चालन हुने।<br>४-बहुविषयगत (विज्ञान, गणित, STEM) प्रयोगशाला भई नियमित प्रयोगसाथ डिजिटल सिमुलेसन समेत प्रयोग हुने। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 8 | **खेलमैदान तथा घेराबार (कम्पाउण्ड)** | | | ०-खेलमैदान र घेराबार दुवै नभएको।<br>१-सानो खेल खेल्न पुग्ने खुला ठाउँ मात्र, घेराबार नभएको।<br>२-मझौला खेलमैदान र आंशिक घेराबार।<br>३-पूर्ण खेलमैदान र सुरक्षित घेराबार (पर्खाल/तार) भएको।<br>४-मापदण्ड अनुसारको खेलमैदान, पूर्ण घेराबारसाथ खेलकुद पूर्वाधार समेत विकसित। |
| 9 | **विद्युत् आपूर्ति** | | | ०-बिजुली जडान नभएको।<br>१-कार्यालय कोठामा मात्र जडान।<br>२-सबै कोठामा जडान तर आपूर्ति अनियमित।<br>३-सबै कोठामा नियमित विद्युत् आपूर्ति भएको।<br>४-नियमित आपूर्तिसाथ ब्याकअप (सोलार/इन्भर्टर/जेनेरेटर) व्यवस्था भएको। |
| 10 | **विद्यालयको जग्गा स्वामित्व** | | | ०-कुनै जग्गा नभएको वा स्वामित्व विवादित ।<br>१-भाडा वा सामुदायिक जग्गामा सञ्चालित ।<br>२-आंशिक रूपमा विद्यालयकै नाममा जग्गा भएको ।<br>३-मापदण्ड अनुसारको आवश्यक जग्गा विद्यालयकै नाममा दर्ता भएको ।<br>४-मापदण्ड भन्दा बढी जग्गा नामसारी भई भविष्यको विस्तारका लागि समेत उपलब्ध भएको । समूह १ का लागि जग्गाबाट आम्दानी समेत हुने गरेको । |
| 11 | **सरसफाइ तथा फोहोरमैला व्यवस्थापन** | | | ०-फोहोरमैला व्यवस्थापनको कुनै प्रबन्ध नभएको ।<br>१-एक स्थानमा खाल्डो बनाई फोहोर व्यवस्थापन गरिने ।<br>२-परिसरका विभिन्न स्थानमा फोहोर फाल्ने ठाउँ/डस्टबिन व्यवस्था भएको ।<br>३-प्रत्येक कक्षाकोठामा डस्टबिन राखी नियमित सरसफाइ हुने ।<br>४-फोहोर वर्गीकरण (जैविक/अजैविक), कम्पोस्टिङ र वातावरणमैत्री व्यवस्थापन प्रणाली अपनाइएको । |
| 12 | **अपाङ्गमैत्री तथा समावेशी भौतिक पूर्वाधार** | | | ०-कुनै अपाङ्गमैत्री संरचना नभएको ।<br>१-योजना बनेको तर कार्यान्वयन नभएको ।<br>२-केही भवन/ कक्षाकोठा/शौचालयमा र्‍याम्प भएको । |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | ३-प्रवेशद्वार, कक्षाकोठा र शौचालयमा र्‍याम्प/ह्यान्ड्रेल भएको।<br>४-पूर्ण अपाङ्गमैत्री भौतिक संरचना भएको। |

**खण्ड (ख) प्रविधिमैत्री शिक्षण सिकाइ पूर्वाधार तथा प्रयोग**

*सूचक संख्या: ८  पूर्णाङ्क: ३२*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 13 | **कम्प्युटरको उपलब्धता** | | | ०-विद्यालयमा कम्प्युटर नभएको।<br>१-प्रशासनिक प्रयोजनका लागि मात्र १–२ वटा कम्प्युटर भएको।<br>२-विद्यार्थी:कम्प्युटर अनुपात १:३० भन्दा बढी भएको छुट्टै ल्याब भएको।<br>३-विद्यार्थी:कम्प्युटर अनुपात १:३० भन्दा कम भएको ल्याब भएको र कम्युटर ल्याबमा हुने सिकाइको हुने गरेको।<br>४-विद्यार्थी:कम्प्युटर अनुपात १:३० भन्दा कम भएको अद्यावधिक (upgraded) ल्याब भएको र निर्धारित रुटिन बमोजिम ल्याबमा सिकाइ हुने गरेको। |
| 14 | **इन्टरनेट पहुँच** | | | ०-इन्टरनेट सुविधा नभएको।<br>१-प्रशासनिक कार्यका लागि मात्र सीमित इन्टरनेट भएको।<br>२-कक्षाकोठासम्म इन्टरनेट पुगेको तर अनियमित वा कम गतिको।<br>३-सबै कक्षाकोठा र ल्याबमा नियमित वाइफाइ/इन्टरनेट सुविधा भएको।<br>४-उच्च गतिको इन्टरनेटसाथ नेटवर्क सुरक्षा सहितको व्यवस्था समेत भएको। |
| 15 | **प्रोजेक्टर/स्मार्ट टि.भि. वा इन्टरएक्टिभ बोर्ड** | | | ०-कुनै पनि प्रोजेक्टर/डिजिटल बोर्ड /स्मार्ट टि.भि.नभएको।<br>१-एक–दुई वटा प्रोजेक्टर/ स्मार्ट टि.भि. भई कहिलेकाहीँ मात्र प्रयोग हुने। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | २-प्रत्येक तह (आधारभूत/माध्यमिक) मा कम्तीमा एक प्रोजेक्टर/स्मार्ट टि.भि उपलब्ध भएको र सिकाइ प्रयोगमा आएको।<br>३-धेरैजसो कक्षाकोठामा प्रोजेक्टर/डिजिटल बोर्ड/ स्मार्ट टि.भि. भई नियमित प्रयोग हुने।<br>४-सबै वा अधिकांश कक्षाकोठामा इन्टरएक्टिभ/स्मार्ट बोर्ड/ स्मार्ट टि.भि भई दैनिक प्रयोग हुने। |
| 16 | **कक्षाकोठामा प्रविधिको दैनिक प्रयोग (शिक्षक अनुपातमा)** | | | ०-कुनै पनि शिक्षकले शिक्षणमा प्रविधि प्रयोग नगर्ने।<br>१-२५% भन्दा कम शिक्षकले कहिलेकाहीँ प्रविधि प्रयोग गर्ने।<br>२-२५–५०% शिक्षकले नियमित प्रविधि प्रयोग गर्ने।<br>३-५०–७५% शिक्षकले नियमित प्रविधि प्रयोग गर्ने।<br>४-७५% भन्दा बढी शिक्षकले दैनिक शिक्षणमा प्रविधि एकीकृत गरी प्रयोग गर्ने। |
| 17 | **डिजिटल/ई–सिकाइ सामग्री** | | | ०-कुनै डिजिटल सिकाइ सामग्री उपलब्ध नभएको।<br>१-शिक्षकले व्यक्तिगत रूपमा कहिलेकाहीँ भिडियो/प्रस्तुति प्रयोग गर्ने।<br>२-विषयगत डिजिटल सामग्रीको संकलन सुरु भएको।<br>३-ई–पुस्तकालय/डिजिटल सामग्री बैंक व्यवस्थित भई नियमित प्रयोगमा आउने।<br>४-आफ्नै डिजिटल सामग्री (भिडियो/च्यानल) निर्माण गरी साझा गर्ने प्रणाली विकसित भएको। |
| 18 | **शिक्षकको सूचना–प्रविधि (ICT) सीप/तालिम** | | | ०-कुनै शिक्षक ICT तालिम प्राप्त नभएको।<br>१-२५% भन्दा कम शिक्षक ICT सीप/तालिम प्राप्त।<br>२-२५–५०% शिक्षक ICT सीप/तालिम प्राप्त<br>३-५०–७५% शिक्षक ICT तालिम प्राप्त गरी कक्षामा प्रयोग गर्ने।<br>४-७५% भन्दा बढी शिक्षक तालिम प्राप्त भई कक्षामा प्रयोग गर्ने गरेको। |
| 19 | **विद्यार्थी डिजिटल साक्षरता** | | | ०-विद्यार्थीका लागि डिजिटल साक्षरता सम्बन्धी कुनै अवसर नभएको।<br>१-कम्प्युटर विषय पढाइने तर व्यवहारिक अभ्यास नहुने ।<br>२-साप्ताहिक कम्प्युटर/ल्याब कक्षा नियमित सञ्चालन हुने। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | ३-पाठ्यक्रम–एकीकृत डिजिटल साक्षरता कक्षा र व्यवहारिक अभ्यास नियमित हुने।<br>४-विद्यार्थी आफैंले डिजिटल सामग्री (प्रस्तुति/प्रोजेक्ट) निर्माण गर्न सक्ने स्तरमा दक्ष भएको। |
| 20 | **सूचना–सञ्चार तथा पारदर्शिताका लागि प्रविधिको प्रयोग** | | | ०-वेबसाइट वा अनलाइन सूचना प्रणाली नभएको।<br>१-सामाजिक सञ्जालमा कहिलेकाहीँ मात्र सूचना राखिने।<br>२-विद्यालयको वेबसाइट/पेज भए पनि नियमित अद्यावधिक नहुने।<br>३-वेबसाइट/सामाजिक संजाल/एप मार्फत नतिजा, सूचना, सूचनापाटी नियमित प्रकाशन हुने।<br>४-पूर्ण डिजिटल व्यवस्थापन प्रणाली (एप/SMS मार्फत अभिभावक सूचना, अनलाइन नतिजा) कार्यान्वयनमा रहेको। |

## खण्ड (ग) शिक्षक व्यवस्थापन तथा व्यावसायिक विकास

*सूचक संख्या: ८ पूर्णाङ्क: ३२*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 21 | **कक्षा/विषय अनुसार शिक्षक उपलब्धता** | | | ०-कक्षा संख्याको ५०% भन्दा कम शिक्षक कार्यरत।<br>१- कक्षा संख्याको ५०–७५% शिक्षक कार्यरत।<br>२- कक्षा संख्या बमोजिम शिक्षक कार्यरत।<br>३-कक्षागत र विषयगत आवश्यकता अनुसार शिक्षक पुरा भएको।<br>४-दरबन्दी पूरा, विषयगत विशेषज्ञतासाथ वैकल्पिक/आकस्मिक शिक्षक व्यवस्था समेत भएको। |
| 22 | **शैक्षिक योग्यता तथा विषयगत मिलान** | | | ०-न्यूनतम योग्यता नपुगेका शिक्षक समेत कार्यरत।<br>१-सबै शिक्षक न्यूनतम योग्यता पुगेका।<br>२-२५% भन्दा बढी शिक्षक माथिल्लो योग्यता प्राप्त। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | ३-५०% भन्दा बढी शिक्षक माथिल्लो योग्यता प्राप्त ।<br>४-७५% भन्दा बढी शिक्षक माथिल्लो योग्यता प्राप्त र विषयगत मिलान पूर्ण । |
| 23 | **तालिम प्राप्त शिक्षक** | | | ०-२५% भन्दा कम शिक्षक तालिम प्राप्त ।<br>१-२५–५०% शिक्षक तालिम प्राप्त ।<br>२-५०–७५% शिक्षक तालिम प्राप्त ।<br>३-७५–९०% शिक्षक तालिम प्राप्त ।<br>४-९०% भन्दा बढी शिक्षक तालिम प्राप्त । |
| 24 | **महिला शिक्षक अनुपात** | | | ०-महिला शिक्षक नभएको ।<br>१-कुल शिक्षकको २०% भन्दा कम महिला ।<br>२-कुल शिक्षकको २०–३५% महिला।<br>३-कुल शिक्षकको ३५–५०% महिला।<br>४-कुल शिक्षकको ५०% वा सोभन्दा बढी महिला शिक्षक । |
| 25 | **शिक्षक उपस्थिति र समय व्यस्थापन** | | | ०-औसत उपस्थिति ८०% भन्दा कम ।<br>१-औसत उपस्थिति ८०–९०% ।<br>२-औसत उपस्थिति ९०–९५% र निर्धारित समयमा आउने र जाने ।<br>३-औसत उपस्थिति ९५–९८% र निर्धारित समयमा आउने र जाने ।<br>४-औसत उपस्थिति ९८% भन्दा बढी र निर्धारित समय भन्दा अगावै आउने र निर्धारित समय पश्चात मात्र जाने । |
| 26 | **प्रधानाध्यापकको नेतृत्व र अनुभव** | | | ०-नेतृत्व अनुभव नभएको वा अत्यन्त न्यून ।<br>१-१–३ वर्षको नेतृत्व अनुभव ।<br>२-३–७ वर्ष अनुभव र आधारभूत व्यवस्थापकीय सीप ।<br>३-७–१० वर्ष अनुभव भई प्रभावकारी नेतृत्व प्रदान गर्ने र नेतृत्व/व्यवस्थापन तालिम प्राप्त ।<br>४-१० वर्षभन्दा बढी अनुभव, नेतृत्व/व्यवस्थापन तालिम प्राप्त र नतिजामुखी नेतृत्व । |
| 27 | **शिक्षक व्यावसायिक विकास (TPD/गोष्ठी/कार्यशाला)** | | | ०-कुनै शिक्षक व्यावसायिक विकास कार्यक्रममा सहभागी नभएको ।<br>१-२०% भन्दा कम शिक्षक सहभागी । |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | २-२०–४०% शिक्षक सहभागी।<br>३-४०–६०% शिक्षक सहभागी।<br>४-६०% भन्दा बढी शिक्षक नियमित व्यावसायिक विकास कार्यक्रममा सहभागी। |
| 28 | **शिक्षक कार्यसम्पादन मूल्याङ्कन** | | | ०-कुनै कार्यसम्पादन मूल्याङ्कन प्रणाली नभएको ।<br>१-मूल्याङ्कन हुने तर औपचारिक/कागजी मात्र।<br>२-वार्षिक मूल्याङ्कनमा ५०% भन्दा कम शिक्षक सन्तोषजनक।<br>३-वार्षिक मूल्याङ्कनमा ५०–८०% शिक्षक सन्तोषजनक।<br>४-८०% भन्दा बढी शिक्षकको कार्यसम्पादन सन्तोषजनक र पुरस्कार/प्रोत्साहन प्रणालीसँग आबद्ध। |

## खण्ड (घ) शिक्षण सिकाइ प्रक्रिया

*सूचक संख्या: ८    पूर्णाङ्क: ३२*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 29 | **पाठ योजना/पाठ नोट निर्माण र प्रयोग** | | | ०-कुनै शिक्षकले पाठ योजना/पाठ नोट नबनाउने।<br>१-५०% भन्दा कम शिक्षकले नियमित पाठ/पाठ नोट योजना बनाउने।<br>२-५०–७५% शिक्षकले नियमित पाठ योजना /पाठ नोट बनाउने।<br>३-७५% भन्दा बढी शिक्षकले नियमित पाठ योजना/पाठ नोट बनाउने।<br>४-सबै शिक्षकले नियमित योजना बनाई कार्यान्वयन र स्व–समीक्षा गर्ने। |
| 30 | **सिकाइ सामग्री (TLM) निर्माण र प्रयोग** | | | ०-शिक्षण सिकाइ सामग्री प्रयोग नगरिने।<br>१-२५% भन्दा कम शिक्षकले नियमित सामग्री प्रयोग गर्ने। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | २-२५–५०% शिक्षकले नियमित प्रयोग गर्ने ।<br>३-५०–७५% शिक्षकले नियमित प्रयोग गर्ने ।<br>४-७५% भन्दा बढी शिक्षकले स्थानीय स्रोतबाट सामग्री निर्माण गरी नियमित प्रयोग गर्ने । |
| 31 | **विद्यार्थी–केन्द्रित/सहभागितामूलक शिक्षण विधि** *(कक्षा अवलोकन बाट)* | | | ०-पूर्ण व्याख्यानात्मक विधि मात्र प्रयोग हुने ।<br>१-कहिलेकाहीँ समूह कार्य/छलफल हुने ।<br>२-नियमित समूह कार्य तर सीमित विषयमा मात्र ।<br>३-अधिकांश विषयमा सहभागितामूलक विधि प्रयोग हुने ।<br>४-पूर्ण रूपमा विद्यार्थी–केन्द्रित, प्रोजेक्ट–आधारित र सक्रिय सिकाइ विधि अवलम्बन गरिएको । |
| 32 | **उपचारात्मक शिक्षण** | | | ०-कमजोर विद्यार्थी पहिचान र उपचारात्मक शिक्षण नहुने ।<br>१-पहिचान हुने तर उपचारात्मक सिकाइ क्रियकलाप नहुने ।<br>२-पहिचान भएका २५–५०% विद्यार्थीलाई उपचारात्मक शिक्षण दिइने ।<br>३-पहिचान भएका ५०–७५% विद्यार्थीलाई उपचारात्मक शिक्षण दिइने ।<br>४-७५% भन्दा बढी विद्यार्थीलाई व्यवस्थित उपचारात्मक शिक्षणसाथ प्रगति अनुगमन गरिने । |
| 33 | **गृहकार्य व्यवस्थापन** | | | ०-गृहकार्य दिने गरिएको छैन ।<br>१-गृहकार्य दिइने तर जाँच/पृष्ठपोषण नियमित नहुने ।<br>२-२५–५०% शिक्षकले नियमित जाँची पृष्ठपोषण दिने ।<br>३-५०–७५% शिक्षकले नियमित जाँची पृष्ठपोषण दिने । |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | ४-७५% भन्दा बढी शिक्षकले नियमित गृहकार्य दिई जाँची व्यक्तिगत पृष्ठपोषण दिने । |
| 34 | **समावेशी तथा लैङ्गिकमैत्री शिक्षण** | | | ०-कुनै समावेशी अभ्यास नभएको ।<br>१-औपचारिक नीति मात्र, कार्यान्वयन कमजोर ।<br>२-छात्र–छात्रा बीच लैङ्गिक विभेदरहित व्यवहार कायम ।<br>३-सकारात्मक विभेद (छात्रा/सीमान्तकृत वर्गलाई प्राथमिकता) कार्यान्वयनमा ।<br>४-पूर्ण समावेशी शिक्षा (अपाङ्गता, जातजाति, लैङ्गिक) कार्यान्वयनमा भई नियमित अनुगमन हुने । |
| 35 | **अध्ययन भ्रमण/फिल्ड ट्रिप** | | | ०-कुनै अध्ययन भ्रमण नहुने ।<br>१-विरलै वा माग भएमा मात्र हुने ।<br>२-वार्षिक १ पटक योजनाबद्ध भ्रमण हुने ।<br>३-प्रत्येक तह/विषयका लागि वार्षिक भ्रमण योजना कार्यान्वयन हुने ।<br>४-पाठ्यक्रमसँग एकीकृत नियमित अध्ययन भ्रमण र प्रतिवेदन प्रणाली भएको । |
| 36 | **कक्षाकोठा व्यवस्थापन** | | | ०-बैठक व्यवस्था र सामग्री व्यवस्थापन अस्तव्यस्त ।<br>१-आवश्यकता अनुसार कहिलेकाहीँ मात्र व्यवस्थापन हुने ।<br>२-२५–५०% कक्षाकोटा व्यवस्थित सिकाइमैत्री रुपमा व्यवस्थापन ।<br>३-५०% भन्दा बढी कक्षाकोठा सिकाइमैत्री रुपमा व्यवस्थापन ।<br>४-सबै कक्षाकोठा सिकाइ–मैत्री, आकर्षक र व्यवस्थित कक्षाकोठाका रुपमा कायम । |

## खण्ड (ङ) विद्यार्थी मूल्याङ्कन

*सूचक संख्या: ६   पूर्णाङ्क: २४*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 37 | **निरन्तर मूल्याङ्कन प्रणाली** | | | ०-आवधिक/वार्षिक परीक्षा मात्र सञ्चालन गरिएको।<br>१-निरन्तर मूल्याङ्कन प्रयोग हुने तर अभिलेख अद्यावधिक नभएको।<br>२-अभिलेख अद्यावधिक तर शिक्षण सुधारमा प्रयोग नभएको।<br>३-अभिलेखका आधारमा सुधारात्मक कक्षा सञ्चालन हुने।<br>४-पूर्ण व्यवस्थित/डिजिटल निरन्तर मूल्याङ्कन प्रणाली भई नियमित सुधार कार्यान्वयन हुने। |
| 38 | **निर्माणात्मक मूल्याङ्कन र पृष्ठपोषण** | | | ०-कुनै शिक्षकले निर्माणात्मक मूल्याङ्कन प्रयोग नगर्ने।<br>१-२५% भन्दा कम शिक्षकले प्रयोग गर्ने।<br>२-२५–५०% शिक्षकले प्रयोग गर्ने।<br>३-५०–७५% शिक्षकले प्रयोग गर्ने र पृष्ठपोषण दिने।<br>४-७५% भन्दा बढी शिक्षकले नियमित निर्माणात्मक मूल्याङ्कन र व्यक्तिगत पृष्ठपोषण दिने। |
| 39 | **प्रश्नपत्र निर्माण (विशिष्टीकरण तालिकाको प्रयोग)** | | | ०-विशिष्टीकरण तालिका बिनै प्रश्नपत्र बनाइने।<br>१-२५% भन्दा कम शिक्षकले विशिष्टीकरण तालिका प्रयोग गर्ने।<br>२-२५–५०% शिक्षकले प्रयोग गर्ने।<br>३-५०% भन्दा बढी शिक्षकले प्रयोग गर्ने।<br>४-अधिकांश शिक्षकले विशिष्टीकरण तालिका र उत्तरकुञ्जी प्रयोग गरी गुणस्तरीय प्रश्नपत्र निर्माण गर्ने। |
| 40 | **परीक्षा नतिजा प्रकाशन तथा अभिभावक सूचना** | | | ०-नतिजा विद्यार्थीलाई मौखिक सुनाउने मात्र गरिने।<br>१-ग्रेड सिट/प्रगती रिपोर्ट सहित अभिभावकलाई जानकारी दिइने।<br>२-अभिभावकको उपस्थितिमा नतिजा वितरण गरिने। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | ३-अभिभावकको उपस्थितिमा नियमित (त्रैमासिक/वार्षिक) ग्रेड सिट वितरण गरिने।<br>४-डिजिटल प्रणाली (एप/SMS) मार्फत समेत विद्यार्थी/अभिभावकलाई तत्काल नतिजा जानकारी दिइने। |
| 41 | **नतिजा विश्लेषण र सुधार योजना** | | | ०-नतिजा विश्लेषण सम्बन्धी कुनै काम नहुने।<br>१-स्टाफ बैठकमा छलफल मात्र हुने।<br>२-कक्षागत/विषयगत विश्लेषण गरी समीक्षा हुने।<br>३-प्रश्नपत्र विश्लेषण सहित सुधार योजना बनाइने।<br>४-तथ्याङ्कमा आधारित निर्णय गरी वार्षिक सुधार योजनामा एकीकरण गरिने। |
| 42 | **डिजिटल/अनलाइन मूल्याङ्कन प्रणालीको प्रयोग** | | | ०-कुनै डिजिटल मूल्याङ्कन उपकरण प्रयोग नगरिने।<br>१-कहिलेकाहीँ अनलाइन क्विज/गुगल फर्म प्रयोग गरिने।<br>२-नियमित रूपमा डिजिटल औजार (गुगल फर्म/क्विज एप) प्रयोग गरिने।<br>३-विषयगत डिजिटल मूल्याङ्कन प्रणाली र नतिजा भण्डारण भएको।<br>४-पूर्ण एकीकृत डिजिटल मूल्याङ्कन तथा नतिजा व्यवस्थापन प्रणाली प्रयोगमा रहेको। |

### खण्ड (च) सुशासन तथा व्यवस्थापन

*सूचक संख्या: १०   पूर्णाङ्क: ४०*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 43 | **विद्यालय व्यवस्थापन समिति (गठन, बैठक, निर्णय कार्यान्वयन)** | | | ०-समिति गठन नभएको।<br>१-आंशिक गठन भएको वा नियमित बैठक नहुने।<br>२-पूर्ण गठन भई वार्षिक ६ भन्दा कम बैठक बस्ने।<br>३-पूर्ण गठन, वार्षिक ६–१० बैठक, निर्णय आंशिक कार्यान्वयन हुने।<br>४-पूर्ण गठन, वार्षिक १० भन्दा बढी बैठक र ७५% भन्दा बढी निर्णय कार्यान्वयन हुने। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| **44** | **शिक्षक अभिभावक संघ** | | | ०-गठन नभएको।<br>१-गठन भएको तर निष्क्रिय।<br>२-वार्षिक १–२ पटक बैठक बस्ने।<br>३-वार्षिक ३–४ पटक बैठक बसी निर्णय कार्यान्वयन हुने।<br>४-नियमित बैठकसाथ गुणस्तर सुधारमा सक्रिय संलग्नता रहने। |
| **45** | **विद्यालय सुधार योजना (SIP)** | | | ०-SIP तयार नभएको।<br>१-तयार भएको तर वार्षिक कार्ययोजना अद्यावधिक नहुने।<br>२-वार्षिक कार्ययोजना तयार तर प्र.अ.ले मात्र तयार गरेको।<br>३- सहभागितामूलक प्रक्रियाबाट तयार भई कार्यान्वयन हुने।<br>४-SIP कार्यान्वयन, नियमित अनुगमन र वार्षिक पुनरावलोकन प्रणाली सहितको। |
| **46** | **वार्षिक बजेट तथा कार्यक्रम व्यवस्थापन** | | | ०-बजेट तयार नहुने।<br>१-बजेट तयार तर स्वीकृत/सार्वजनिक नहुने।<br>२-वार्षिक बजेट तयार गरी वि.व्य.स.बाट स्वीकृत हुने।<br>३-स्वीकृत भई कार्यान्वयन र नियमित लेखा राखिने।<br>४-पूर्ण पारदर्शी (सार्वजनिक सुनुवाइ/वेबसाइटमा प्रकाशन) बजेट व्यवस्थापन गरिने। |
| **47** | **अभिलेख व्यवस्थापन (IEMIS लगायत)** | | | ०-अभिलेख अव्यवस्थित।<br>१-आंशिक अभिलेख मात्र उपलब्ध।<br>२-प्रमुख अभिलेख (विद्यार्थी, शिक्षक, भौतिक) अद्यावधिक र तथ्याङ्कको शुद्धता रहेको।<br>३-IEMIS लगायत सबै अभिलेख अद्यावधिक र सार्वजनिक र यथार्थ रहेको।<br>४-पूर्ण डिजिटल अभिलेख व्यवस्थापन प्रणाली (डाटाबेस/सफ्टवेयर) मार्फत सञ्चालन हुने। |
| **48** | **लेखापरीक्षण** | | | ०-लेखापरीक्षण नभएको।<br>१-लेखापरीक्षण भएको तर बेरुजु फछ्र्यौट नभएको।<br>२-लेखापरीक्षण र बेरुजु फछ्र्यौट दुवै भएको।<br>३-नियमित लेखापरीक्षण भई प्रतिवेदन वि.व्य.स.मा पेश हुने। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | ४-लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरी सुझाव कार्यान्वयन समेत हुने। |
| 49 | **सामाजिक परीक्षण** | | | ०-सामाजिक परीक्षण नभएको।<br>१-भएको तर तोकिएको ढाँचामा नभएको।<br>२-तोकिएको ढाँचा र समयमा भएको।<br>३-अभिभावक भेलामा प्रस्तुत भएको।<br>४-सुझाव संकलन गरी अर्को वर्षको कार्यान्वयन योजनामा समावेश गरिएको। |
| 50 | **सूचनाको हक तथा पारदर्शिता** | | | ०-कुनै सूचना सार्वजनिक नगरिने।<br>१-माग गरेमा मात्र सूचना दिइने।<br>२-सूचनापाटी/नोटिस बोर्ड मार्फत सूचना दिइने।<br>३-वेबसाइट/सामाजिक सञ्जाल मार्फत नियमित सूचना प्रकाशन हुने।<br>४-सूचना अधिकारी तोकी सक्रिय रूपमा सूचना प्रकाशन गर्ने प्रणाली भएको। |
| 51 | **गुनासो सुनुवाइ संयन्त्र** | | | ०-गुनासो सुन्ने संयन्त्र नभएको।<br>१-मौखिक गुनासो मात्र सुनिने।<br>२-सुझाव पेटिका राखिएको।<br>३-गुनासो/सुझाव संकलन गरी नियमित समीक्षा हुने।<br>४-गुनासो व्यवस्थापन नीति बनाई समयमै फछ्र्यौट गर्ने प्रणाली स्थापित भएको। |
| 52 | **आन्तरिक आय परिचालन र पारदर्शिता (संस्थागत विद्यालयका लागि शुल्क संरचना समेत)** | | | ०-आन्तरिक आयको कुनै लेखा नराखिने।<br>१-आय भए पनि खर्च शीर्षक अस्पष्ट।<br>२-आय–व्ययको लेखा राखी वि.व्य.स.बाट अनुमोदन हुने।<br>३-आन्तरिक आय र खर्च विवरण नियमित राखिएको र अभिभावकसमक्ष सार्वजनिक गरिने।<br>४-आय व्ययको लेखा नियमानुसार नियमित राखिएको र पूर्ण पारदर्शी लेखा प्रणाली भएको। |

## खण्ड (छ) सह/अतिरिक्त क्रियाकलाप

*सूचक संख्या: ४ पूर्णाङ्क: १६*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 53 | **सह–पाठ्यक्रम योजना र कार्यान्वयन** | | | ०-कुनै योजना नभएको।<br>१-योजना भए पनि कार्यान्वयन न्यून।<br>२-२५–५०% योजना कार्यान्वयन हुने।<br>३-५०–७५% योजना कार्यान्वयन हुने।<br>४-७५% भन्दा बढी योजनाबद्ध सह–पाठ्यक्रम कार्यान्वयन र अभिलेख राखिएको। |
| 54 | **विद्यार्थी क्लब/सदन/संगठन** | | | ०-कुनै क्लब गठन नभएको।<br>१-१ क्लब गठन भई सक्रिय।<br>२-एक भन्दा वढी क्लब गठन भई सक्रिय।<br>३- सबै क्लब सक्रिय र साप्ताहिक रुपमा गतिवधि संचालन गर्ने गरेको ।<br>४-सबै क्लब सक्रिय भई विद्यार्थी नेतृत्वमा नियमित कार्यक्रम सञ्चालन हुने। |
| 55 | **बाह्य प्रतियोगितामा सहभागिता** | | | ०-सहभागिता नभएको।<br>१-२५% भन्दा कम अवसरमा सहभागी।<br>२-२५–५०% अवसरमा सहभागी।<br>३-५०–७५% अवसरमा र कक्षागत प्रतिनिधित्व हुने गरी सहभागिता।<br>४-७५% भन्दा बढी अवसरमा सहभागी भई आयोजक भूमिका समेत निर्वाह गर्ने। |
| 56 | **खेलकुद तथा सांस्कृतिक कार्यक्रम** | | | ०-वार्षिक कार्यक्रम नहुने।<br>१-अनियमित रूपमा हुने।<br>२-वार्षिक नियमित १ पटक आयोजना हुने।<br>३-वार्षिक २ पटक भन्दा बढी आयोजना हुने।<br>४-नियमित (मासिक/त्रैमासिक) खेलकुद–सांस्कृतिक कार्यक्रमसाथ प्रतिभा पहिचान प्रणाली भएको। |

### खण्ड (ज) सिकाइ उपलब्धि

*सूचक संख्या: ४   पूर्णाङ्क: १६*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| ५७ | **कक्षा ३ र ५ को औसत सिकाइ उपलब्धि (GPA)** | | | ०-औसत GPA १.६ भन्दा कम ।<br>१-औसत GPA १.६–२.० ।<br>२-औसत GPA २.०–२.४ ।<br>३-औसत GPA २.४–३.० ।<br>४-औसत GPA ३.० भन्दा माथि र अघिल्लो वर्षको भन्दा बढेको । |
| ५८ | **कक्षा ८ को औसत सिकाइ उपलब्धि (GPA) समूह २ र ३ लाई मात्र** | | | ०-औसत GPA १.६ भन्दा कम ।<br>१-औसत GPA १.६–२.०।<br>२-औसत GPA २.०–२.४।<br>३-औसत GPA २.४–३.०।<br>४-औसत GPA ३.० भन्दा माथि र अघिल्लो वर्षको भन्दा बढेको । |
| ५९ | **SEE/कक्षा १० को औसत नतिजा (GPA) समूह ३ लाई मात्र** | | | ०-औसत GPA १.६ भन्दा कम।<br>१-औसत GPA १.६–२.०।<br>२-औसत GPA २.०–२.४।<br>३-औसत GPA २.४–३.०।<br>४-औसत GPA ३.० भन्दा माथि र अघिल्लो वर्षको भन्दा बढेको। |
| ६० | **कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने दर** | | | ०-दुवै दर १५% भन्दा बढी।<br>१-दुवै वा कुनै एक दर १०–१५% रहेको।<br>२-दुवै वा कुनै एक दर ५–१०% रहेको।<br>३-दुवै वा कुनै एक दर १–५% रहेको।<br>४-दुवै दर १% भन्दा कम वा शून्य रहेको । |

### खण्ड (झ) शिक्षकको पेशागत सन्तुष्टि

*सूचक संख्या: ३   पूर्णाङ्क: १२*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| **61** | **विद्यालयको समग्र** | | | ०-औसत अङ्क १ भन्दा कम।<br>१-औसत अङ्क १–२। |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | **कार्यसम्पादनमा सन्तुष्टि (सर्वेक्षण औसत, पूर्णाङ्क ४)** | | | **२**-औसत अङ्क २–३।<br>**३**-औसत अङ्क ३–३.५।<br>**४**-औसत अङ्क ३.५–४। |
| 62 | **आफ्नो पेशागत विकासको अवसरमा सन्तुष्टि (सर्वेक्षण औसत, पूर्णाङ्क ४)** | | | **०**-औसत अङ्क १ भन्दा कम।<br>**१**-औसत अङ्क १–२।<br>**२**-औसत अङ्क २–३।<br>**३**-औसत अङ्क ३–३.५।<br>**४**-औसत अङ्क ३.५–४। |
| 63 | **प्रविधि तथा सिकाइ सामग्री उपलब्धतामा सन्तुष्टि (सर्वेक्षण औसत, पूर्णाङ्क ४)** | | | **०**-औसत अङ्क १ भन्दा कम।<br>**१**-औसत अङ्क १–२।<br>**२**-औसत अङ्क २–३।<br>**३**-औसत अङ्क ३–३.५।<br>**४**-औसत अङ्क ३.५–४। |

यस खण्डका लागि सन्तुष्टी सर्भेक्षण गर्न रुजु सूची बनाइ प्रयोग गर्न सकिनेछ।

### खण्ड (ञ) अनुसन्धान र नवप्रवर्तन

*सूचक संख्या: ३ पूर्णाङ्क: १२*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 64 | **कार्यमूलक अनुसन्धान** | | | **०**-कुनै कार्यमूलक अनुसन्धान नभएको।<br>**१**-औसत प्रति शिक्षक १ भन्दा कम अनुसन्धान।<br>**२**-औसत प्रति शिक्षक १ अनुसन्धान।<br>**३**-औसत प्रति शिक्षक २ अनुसन्धान।<br>**४**-औसत प्रति शिक्षक २ भन्दा बढी अनुसन्धान भई निष्कर्ष कार्यान्वयनमा ल्याइएको। |
| 65 | **शैक्षिक अवलोकन तथा अन्तरक्रिया आदानप्रदान** | | | **०**-कुनै अवलोकन/आदानप्रदान नभएको।<br>**१**-योजना मात्र बनेको, कार्यान्वयन नभएको।<br>**२**-वर्षमा १ पटक शिक्षकहरूको अन्तर–विद्यालय अवलोकन हुने।<br>**३**-वर्षमा १ पटक शिक्षकहरू तथा विद्यार्थीको अन्तर–विद्यालय अवलोकन हुने |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्वःमूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | ४-नियमित अवलोकन, प्रतिवेदन र असल अभ्यास आदानप्रदान प्रणाली भएको। |
| **66** | **नवप्रवर्तनात्मक अभ्यास** | | | ०-कुनै नवप्रवर्तन नभएको।<br>१-छिटपुट प्रयास मात्र भएको।<br>२-कम्तीमा १ नवप्रवर्तन कार्यान्वयनमा रहेको<br>३-२–३ नवप्रवर्तन कार्यान्वयनमा भई अभिलेखीकरण गरिएको।<br>४-बहुविध नवप्रवर्तन कार्यान्वयन, प्रभाव मूल्याङ्कन र प्रशस्तिकरण समेत गरिएको। |

## खण्ड–५. अनुसूची–१ सारांश तालिका (सामुदायिक विद्यालय)

कृपया विद्यालयको समूह (१/२/३) खण्ड–३ मा अङ्कित गरी, सोही समूहको समायोजित पूर्णाङ्कको आधारमा मात्र यो तालिका भर्नुहोस् (खण्ड–२.४ हेर्नुहोस्)। खण्ड (ज) को पूर्णाङ्क समूह अनुसार फरक पर्न सक्छ।

| सि.नं. | क्षेत्र (खण्ड) | सूचक संख्या | पूर्णाङ्क | प्राप्ताङ्क | स्तर / श्रेणी | सुझाव / कैफियत |
|---|---|---|---|---|---|---|
| १ | (क) भौतिक तथा शैक्षिक पूर्वाधार | १२ | ४८ | | | |
| २ | (ख) प्रविधिमैत्री शिक्षण सिकाइ पूर्वाधार तथा प्रयोग | ८ | ३२ | | | |
| ३ | (ग) शिक्षक व्यवस्थापन तथा व्यावसायिक विकास | ८ | ३२ | | | |
| ४ | (घ) शिक्षण सिकाइ प्रक्रिया | ८ | ३२ | | | |
| ५ | (ङ) विद्यार्थी मूल्याङ्कन | ६ | २४ | | | |
| ६ | (च) सुशासन तथा व्यवस्थापन | १० | ४० | | | |
| ७ | (छ) सह/अतिरिक्त क्रियाकलाप | ४ | १६ | | | |
| ८ | (ज) सिकाइ उपलब्धि | ४ | १६ | | | |
| ९ | (झ) शिक्षकको पेशागत सन्तुष्टि | ३ | १२ | | | |
| १० | (ञ) अनुसन्धान र नवप्रवर्तन | ३ | १२ | | | |
| | **कूल जम्मा** | ६६ | २६४ | | | |

*नोट: समूह १ का लागि कुल पूर्णाङ्क २५२, समूह २ का लागि २५६, समूह ३ का लागि २६४ हुनेछ (खण्ड–२.४ को तालिका हेर्नुहोस्)। प्राप्त प्रतिशत = (कूल प्राप्ताङ्क ÷ समूहगत लागू पूर्णाङ्क) × १००। अन्तिम श्रेणी ("क","ख","ग","घ") खण्ड–२.३ को तालिका र सोही समूहभित्रको तुलनाका आधारमा कायम गर्नुहोस्।*

## खण्ड (ट) संस्थागत विद्यालयलाई मात्र लागू हुने थप सूचक: वित्तीय व्यवस्थापन तथा शिक्षक सेवा.सुविधा

*सूचक संख्या: २ पूर्णाङ्क: ८*

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्व:मूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| 67 | **विद्यालयको आय.व्यय पारदर्शिता तथा वित्तीय दिगोपना** | | | **०**-आय.व्यय लेखा अद्यावधिक नभएको, शिक्षा नियमावली, २०५९ को नियम १४६ ले तोकेभन्दा बाहेकका शीर्षकमा समेत शुल्क असुली गरिएको र विद्यालय व्यवस्थापन समितिबाट बजेट/लेखा अनुमोदन नभएको।<br>**१**-आय.व्यय लेखा राखिएको तर नियम १४६ बमोजिमका शुल्क शीर्षकभन्दा बाहिर गई शुल्क असुल गरिएको वा लेखा वि.व्य.स.बाट अनुमोदन नभएको।<br>**२**-नियम १४६ बमोजिमका शीर्षक (मासिक पढाइ, वार्षिक, भर्ना, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाणपत्र, विशेष प्रशिक्षण, आवास, यातायात, भोजन) मा मात्र शुल्क असुली गरी आय.व्यय लेखा वि.व्य.स.बाट अनुमोदन भई राखिएको।<br>**३**-नियम १४७ र अनुसूची–२२ बमोजिमको आधार तथा संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ बमोजिमको अधिकतम सीमाभित्र रही शुल्क निर्धारण गरिएको र नियमित आन्तरिक लेखापरीक्षण हुने।<br>**४**-माथिका आधार पूरा साथै आय.व्ययको विवरण अभिभावक/सरोकारवालासमक्ष वार्षिक रूपमा सार्वजनिक गरिने र बचत रकम विद्यालयको गुणस्तर सुधारमा पुनः लगानी गर्ने प्रणाली स्थापित भएको । |
| 68 | **शिक्षक तथा कर्मचारीको तलब तथा सेवा.सुविधा** | | | **०**-नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकभन्दा कम तलब दिइने र सामाजिक सुरक्षा (सञ्चय कोष/उपदान/बिमा) सम्बन्धी कुनै व्यवस्था नभएको ।<br>**१**-न्यूनतम पारिश्रमिक बराबर तलब दिइने तर १३ महिनाको तलब सुविधा तथा सामाजिक सुरक्षा सुविधा उपलब्ध नभएको ।<br>**२**-नेपाल सरकारले उपलब्ध गराए सरहको १३ महिनाको तलब सुविधा दिइने तर सामाजिक सुरक्षा सुविधा आंशिक मात्र कार्यान्वयनमा रहेको।<br>**३**-संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ बमोजिम कूल आम्दानीको निर्धारित प्रतिशत रकम शिक्षक/कर्मचारी तलब.सुविधामा खर्च |

| क्र.सं. | सूचक | स्तर | | स्तर निर्धारणका आधार (० देखि ४) |
|---|---|---|---|---|
| | | स्वःमूल्याङ्कन अङ्क | अनुगमन समितिको मूल्याङ्कन/सत्यापन अङ्क | |
| | | | | हुने र सञ्चय कोष/उपदान/बिमा कट्टी एवं जम्मा नियमित हुने।<br>४-माथिका आधार पूरा साथै कार्यसम्पादनमा आधारित थप प्रोत्साहन/बोनस, स्वास्थ्य/दुर्घटना बिमा र सेवा.निवृत्तिपछिको सुविधा समेत भई तलब स्केल पारदर्शी रूपमा सार्वजनिक गरिएको। |

## खण्ड–८. अनुसूची–३ सारांश तालिका (संस्थागत विद्यालय)

| सि.नं. | क्षेत्र (खण्ड) | सूचक संख्या | पूर्णाङ्क | प्राप्ताङ्क | स्तर / श्रेणी | सुझाव / कैफियत |
|---|---|---|---|---|---|---|
| १ | (क) भौतिक तथा शैक्षिक पूर्वाधार | १२ | ४८ | | | |
| २ | (ख) प्रविधिमैत्री शिक्षण सिकाइ पूर्वाधार तथा प्रयोग | ८ | ३२ | | | |
| ३ | (ग) शिक्षक व्यवस्थापन तथा व्यावसायिक विकास | ८ | ३२ | | | |
| ४ | (घ) शिक्षण सिकाइ प्रक्रिया | ८ | ३२ | | | |
| ५ | (ङ) विद्यार्थी मूल्याङ्कन | ६ | २४ | | | |
| ६ | (च) सुशासन तथा व्यवस्थापन | १० | ४० | | | |
| ७ | (छ) सह/अतिरिक्त क्रियाकलाप | ४ | १६ | | | |
| ८ | (ज) सिकाइ उपलब्धि | ४ | १६ | | | |
| ९ | (झ) शिक्षकको पेशागत सन्तुष्टि | ३ | १२ | | | |
| १० | (ञ) अनुसन्धान र नवप्रवर्तन | ३ | १२ | | | |
| ११ | (ट) संस्थागत विद्यालयलाई मात्र लागू हुने थप सूचक: वित्तीय व्यवस्थापन तथा शिक्षक सेवा.सुविधा | २ | ८ | | | |
| | **कूल जम्मा** | ६८ | २७२ | | | |

*नोट: समग्र वर्गीकरणका लागि प्राप्त प्रतिशत = (कूल प्राप्ताङ्क ÷ २७२) × १००। खण्ड–२.३ बमोजिमको तालिकाका आधारमा अन्तिम श्रेणी ("क","ख","ग","घ") कायम गर्नुहोस्।*

- गाउँपालिकाबाट सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयका प्रधानाध्यापक तथा स्थानीय शैक्षिक जनशक्तिलाई यस मापदण्ड, सम्बन्धित अनुसूची (१ वा २) र समूहगत वर्गीकरण विधिबारे अभिमुखीकरण गर्ने।
- सामुदायिक विद्यालयले अनुसूची–१ र संस्थागत विद्यालयले अनुसूची–२ समेत प्रयोग गरी ३ सदस्यीय स्वःमूल्याङ्कन समिति गठन गरी प्रत्येक शैक्षिक सत्रको अन्त्यमा स्वःमूल्याङ्कन गर्ने र नतिजा सार्वजनिक गर्ने।
- गाउँपालिकाले स्तरीकरणकर्ता वा अनुगमन तथा स्तर निर्धारण समिति तोकी विद्यालयगत स्थलगत सत्यापन गराउने; संस्थागत विद्यालयको हकमा खण्ड (ट) का सूचकसँग सम्बन्धित आय.व्यय तथा तलब अभिलेख समेत जाँच्ने।
- सामुदायिक विद्यालयको हकमा प्रत्येक विद्यालयलाई खण्ड–३ बमोजिम समूह (१/२/३) कायम गरी सोही समूहभित्र मात्र श्रेणी तुलना गर्ने।
- विद्यालयहरूले गरेको स्वःमूल्याङ्कनको सत्यापन गर्नका लागि गाउँ शिक्षा समितिले स्थलगत अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने ।
- स्थलगत अनुगमन तथा मूल्याङ्कन समितिले सूचकहरूको सन्दर्भ कागजात तथा स्थलगत अनुगमन समतेका आधारमा अन्तिम अङ्क प्रदान गरी मापदण्डले निर्धारण गरे अनुरुप विद्यालयहरूको वर्गिकरण गर्ने र गाउँ शिक्षा समिति समक्ष पेश गर्ने ।
- गाउँ शिक्षा समितिले पेश भएका कागजात अध्ययन गरी विद्यालय वर्गिकरण गर्ने ।
- गाउँपालिकाले प्रत्येक विद्यालयको स्तर (समूहसहित) आफ्नो वेबसाइट/सूचना प्रणाली मार्फत सार्वजनिक गर्ने।

<<>>